# परिच्चय / Introduction

जननिर्वाचित प्रतिनिधिहरूले देशको मूल कानुन बनाउने माग र बहस नेपालमा सुरु भएको छ दशकभन्दा बढी भयो । लामो संघर्षपछि जनताहरूले आफ्ना प्रतिनिधिहरू छानेर संविधान बनाउने जिम्मा दिइएको संविधानसभा अहिले सो कार्यमा व्यस्त छ । उसलाई दिइएको दुई वर्षे समयसीमाको तीन चौथाई समय घर्की सकेको छ र तोकिएको समयमै संविधान निर्माण गर्ने चुनौती उसका सामू छ । संविधानसभाको सबैभन्दा जटिल र संवेदनशील कार्य राज्यको पुन:संरचना गर्नु हो; केन्द्रीकृत राज्यलाई बिकेन्द्रित गर्नु अनि एकात्मक मुलुकलाई संघात्मक बनाउनु हो । बहुसंघ बनाउने कुरामा खासै मतभेद नभए पनि देशलाई कति राज्य, प्रदेश या प्रान्तमा विभाजन गर्ने, तिनको नामकरण कसरी गर्ने, र त्यस्तो विभाजनको प्रमुख आधार के हुने भन्नेमा राजनीतिक दलहरूबीच मतैक्य छैन ।

काठमाडौंकेन्द्रित विकास र अझ विशेषगरी देशको समग्र शासनव्यवस्थामा केही समूहविशेषको मात्र हालिमुहाली भएकाले सो परिवर्तन गर्न अर्थात् सबै क्षेत्रमा 'विकास' पुर्‍याउन र सबै समूहको राज्य सञ्चालनमा समानुपातिक प्रतिनिधित्व र पहुँच पुर्‍याउन राज्यको पुन:संरचनाको माग अघि सारिएको हो । पुन:संरचनाको बहस सुरु गर्नेमा आदिवासी-जनजाति समूहहरू प्रमुख छन् । उनीहरूले आफ्नो ऐतिहासिक एवं परम्परागत थातथलोसहितको पहिचान, सम्बन्ध र त्यसको महत्त्व राज्य संरचनाभित्र खोज्ने काम गरे । दलित, महिला, मधेसी,

आदि समूहले यो मुद्दालाई थप चर्काए । र, बौद्धिक वर्ग एवं सबै राजनीतिक दलबीच पनि यसले स्थान पायो (खनाल २०६५) ।

संविधानसभा र जातीय पहिचानसहितको संघीय राज्यको मुद्दा चर्को स्वरमा उठाउने प्रमुख दल नेपाल कम्युनिष्ट पार्टी-माओवादी (हालको एकीकृत नेकपा-माओवादी) हो । उसले यी र अन्य मुद्दाहरूलाई केन्द्रविन्दुमा राख्दै २०५२ सालदेखि राज्यविरुद्ध हिंसात्मक आन्दोलन या उसकै शब्दमा 'जनयुद्ध' सुरु गरेको थियो । यसबीच तत्कालीन राष्ट्रप्रमुख ज्ञानेन्द्र शाहले माओवादी जनयुद्धलाई बहाना बनाउँदै, संविधान मिच्दै र दलहरूलाई किनारा लगाउँदै राज्यसत्ता हातमा लिए । उनको यो कदमले पहिले विरोधी खेमामा रहेका अन्य राजनीतिक दल र माओवादीलाई एकै ठाउँमा पुऱ्याइदियो । र, उनीहरू एकजुट भएर आह्वान गरेको जनआन्दोलनले नेपालबाट परम्परागत राजतन्त्रलाई विदा दियो; माओवादीले पनि हतियार बिसाए । अन्तरिम संविधान २०६३ बन्यो । नेपाल हिन्दू अधिराज्यबाट धर्मनिरपेक्ष गणतन्त्रात्मक मुलुकमा रूपान्तरण भयो ।

जनआन्दोलनपछि राजनीतिक दलहरूबीच संविधानसभाको निर्वाचनद्वारा नयाँ संविधान निर्माण गर्ने सहमति भएको थियो । तर त्यसबीच मधेस आन्दोलनले नेपाली राजनीतिमा थप परिवर्तन ल्यायो । मधेस आन्दोलनपछि नेपालको भावी राज्यसंरचना संघीय स्वरूपको हुने सुनिश्चित गर्न ३० चैत २०६३ मा अन्तरिम संविधान पहिलो पटक संशोधन गरियो । संशोधनमा "लोकतान्त्रिक संघीय शासन प्रणाली सहितको अग्रगामी पुनर्संरचना गरिनेछ" र "राज्यको पुनर्संरचना तथा संघीय शासन प्रणालीको स्वरूपसम्बन्धी विषयको अन्तिम टुङ्गो संविधानसभाले निर्धारण गरे बमोजिम हुनेछ" (युएनडीपी २०६५ : २१७) भन्ने कुरा थप गरियो । अन्ततः १५ जेठ २०६५ मा बसेको जननिर्वाचित संविधानसभाको पहिलो बैठकले नेपाललाई विधिवत रूपमा "संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक राज्य" घोषणा गऱ्यो । २८ असार २०६५ मा पाँचौं पटक अन्तरिम संविधान संशोधन २०६३ भयो । संशोधनमा "मधेशी जनतालगायत आदिवासी जनजाति र पिछडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्त प्रदेशहरूको सीमा, संख्या, नाम र संरचनाका अतिरिक्त केन्द्र र प्रदेशका सूचीहरूको पूर्ण विवरण, साधन-स्रोत र अधिकारको बाँडफाँट संविधानसभाबाट निर्धारण गरिनेछ" (युएनडीपी २०६५ : २१७) भनी उल्लेख भएको छ । अहिले तिनै घोषणालाई व्यवहारिक रूप दिने संविधान निर्माणमा संविधानसभा जुटेको छ ।

तर, धेरैको मुखमा झुण्डिएको "नयाँ नेपाल" निर्माणको प्रक्रिया सहज-सरल देखिन्न । यसले वृहत् विषयवस्तु समेट्ने हुनाले एकआपसमा जेलिएका मुद्दाहरू निकै छन् र तिनमा विभिन्न समूहहरूका स्वार्थ बाझिन्छन् । त्यसैले "नयाँ नेपाल" को खाका तयार पार्ने काममा निर्वाचित प्रतिनिधिहरू मात्र संलग्न छैनन् । समाजका विभिन्न तह र तप्काका मानिसहरू यसमा विभिन्न हिसाबले सामेल छन् । विदेशी मुलुक र अध्येताहरूको चासो पनि उत्तिकै देखिएको छ । पत्रपत्रिका, रेडियो, टेलिभिजन, इन्टरनेटदेखि पुस्तक, गोष्ठी, सभा-सम्मेलन, परामर्श, आदिमार्फत संविधान निर्माण प्रक्रियामा विभिन्न स्वार्थ समूहहरूले हस्तक्षेप गरिरहेका छन्; यावत विषयमा बहस-छलफल चलिरहेको छ । जुन लोकतान्त्रिक व्यवस्थामा स्वाभाविक र अभिन्न प्रक्रिया नै हो । यो पुस्तक — *राज्य पुनःसंरचना र संविधानसभा सन्दर्भ ग्रन्थ* — तिनै भिन्न वैचारिक धरातल र दृष्टिकोणबाट लेखिएका संविधानसभा र राज्य पुनःसंरचनासम्बन्धी सामग्रीहरूबारे जानकारी दिने संग्रह हो ।

यो संग्रहमा संविधानसभाको औचित्यदेखि नयाँ नेपालको खाका, संघीयताको आधार, प्रक्रिया र (पुनः)संरचनाबारे लेखिएका सामग्रीका सूची संकलित छन् । त्यस्तै, अबको नेपालको संवैधानिक, भौगोलिक, सामाजिक, सांस्कृतिक, कानुनी, वित्तीय, प्राकृतिक पक्ष वा आर्थिक संरचनाका कुरा एवं राज्यका विभिन्न एकाईहरूबीच अधिकार र दायित्व निक्षेपणसम्बन्धका सामग्री सूची यसमा अटाएका छन् । आदिवासी-जनजाति, दलित, महिला, मधेसी, अपाङ्गलगायतका समुदायहरूबारेका सामग्रीका सूची पनि यसमा समेटिएका छन् । यस्तो सूची तयार गर्ने क्रममा उल्लिखित विषयहरूमा प्रकाशित पुस्तक-पुस्तिका, जर्नलमा प्रकाशित लेख, प्रकाशित-अप्रकाशित प्रतिवेदन, कार्यपत्र तथा संविधानसभाकेन्द्रित म्यागजिन तथा बुलेटिनहरू समावेश गरिएको छ । यी मुद्दाहरूबारे पत्रपत्रिका, इन्टरनेटमा दिनदिनै समाचार-लेख प्रकाशित हुन्छन् तर ती सामग्रीहरू यस पुस्तकमा सूचीकृत छैनन् । त्यस्तै, सम्बन्धित श्रव्य-दृश्य सामग्रीका स्रोतको जानकारी पनि यो पुस्तकमा पाइन्न । यसको मतलब ती कम महत्त्वपूर्ण हुन् भन्ने होइन । निश्चित कार्यावधि र समयसीमा, सामग्रीमाथिको सीमित पहुँच र उपलब्धता आदि कारणले समेट्नै पर्ने सामग्री पनि पक्कै छुटेका होलान् । सम्भव भएसम्म धेरै पुस्तक, लेख-रचनाहरू समेट्ने हाम्रो प्रयासका बाबजुद पनि काठमाडौँबाहेक देशका अन्य भागबाट प्रकाशित सामग्री तुलनात्मक रूपमा कम समावेश छन् ।

यो पुस्तकमा संकलित सामग्रीहरू केलाउँदा, २०६१ देखि २०६३ सालसम्म संविधानसभाको महत्त्व, प्रक्रिया, संरचना, उपयोगिता र चुनौतीबारेमा लेखिएका

पुस्तक र लेखहरूको बाहुल्य देखिन्छ । २०६३-६४ सालयता भने जातीय, भाषिक, धार्मिक, सामाजिक, वर्गीय, क्षेत्रीय पक्षहरूलाई संविधानसभासँग जोड्दै जाने क्रम बढ्दै गयो । संघीयता विरोधी दृष्टिकोण र तर्कहरू पनि देखा परे । राज्य पुनःसंरचना, संघीयताकेन्द्रित पुस्तक, लेखहरू निस्कने क्रम पनि यसबीच तीव्र भयो । खासगरी २०६५-६६ सालमा आएर हरेक क्षेत्र, वर्ग र समुदायको दृष्टिकोण सँगाल्दै नयाँ नेपालको खाका कोर्ने, राज्य पुनःसंरचना र संघीयता केन्द्रित सामग्रीहरूको उत्पादनमा ह्वात्तै वृद्धि भयो । त्यसैले यहाँ सूचीबद्ध अधिकांश पुस्तक तथा लेखहरू गएका एक-दुई वर्षभित्र उत्पादन भएका र राज्य पुनःसंरचनामा केन्द्रित देखिन्छन् । विभिन्न गैरसरकारी संस्था तथा तिनमा संलग्न व्यक्ति, स्वतन्त्र बुद्धिजीवी, विज्ञ, राजनीतिक विश्लेषक, विश्वविद्यालयका अध्यापक, राजनीतिक तथा कानुनी क्षेत्रसँग सम्बद्धहरू, अधिकारका लागि बहस/पैरवी गर्नेहरू, आदि यी सामग्री उत्पादनमा संलग्न देखिन्छन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय दातृ निकाय, संघसंस्थाहरूले ती सामग्री उत्पादनमा सहयोगी भूमिका खेलेका छन् । सरकारी संस्था या निकायबाट पनि त्यस्ता सामग्री उत्पादन भएका छन् तर तिनको संख्या न्यून छ ।

यस सन्दर्भ ग्रन्थलाई संकलित सामग्रीको स्रोतका आधारमा जम्मा पाँच अध्यायमा बाँडिएको छ । पहिलो अध्यायमा पुस्तक, दोस्रो अध्यायमा सम्पादित पुस्तक तथा जर्नललगायतमा प्रकाशित लेख-रचना, तेस्रो अध्यायमा प्रकाशित-अप्रकाशित प्रतिवेदन, चौथो अध्यायमा कार्यपत्र र अन्तिम अध्यायमा म्यागजिन तथा बुलेटिनको सूची छ । यो पुस्तकले संविधानसभा र राज्य पुनःसंरचनाबारे नेपालमा उठेका मुद्दा र भैरहेको बहसको छनक त दिन्छ नै, यी मुद्दाहरूको सेरोफेरोमा अध्ययन-अनुसन्धान गर्न चाहनेलाई प्रस्थानविन्दु पनि उपलब्ध गराउँछ । नेपालको वर्तमान राजनीतिक संक्रमणबारे चासो राख्ने अध्येता, राजनीतिकर्मी, नीति-निर्माता, बौद्धिक प्राज्ञिक वर्ग या सामान्यजनका लागि पनि यो ग्रन्थ उपयोगी हुने विश्वास गरिएको छ ।

## सन्दर्भ सूची

खनाल, कृष्ण । २०६५ । राज्य पुनर्संरचनाको भावी राजनीतिक गन्तव्य । *राज्य पुनर्संरचना : राजनीतिक, आर्थिक र सांस्कृतिक दृष्टिकोण* । पृ. १–६० । काठमाडौं : मार्टिन चौतारी ।

युएनडीपी । २०६५ । *नेपालको अन्तरिम संविधान, २०६३ : पहिलोदेखि छैठौं संशोधनसहित* (द्वैभाषिक अङ्ग्रेजी-नेपाली) । ललितपुर : युएनडीपी ।